यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ७८ ○श्रेणी 'क' ○२०७३ पुस ३ गते आइतबार ○18 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## पोखराको जिएमसीमा विद्यार्थी शून्य

### तेस्रोपटक आह्वान गर्दा पनि एक जना पनि भर्ना भएनन्

गोल्डेन न्यूज संवाददाता
पोखरा २ पुस ।

चिकित्सा शिक्षा अध्ययन संस्थान (आइओएम) अन्तर्गतको गन्डकी मेडिकल कलेजमा तेस्रोपटक आह्वान गरिएको एमबिबिएस (बिडिएस भर्नामा पनि विद्यार्थी नआएको भेटिएको छ। गण्डकी मेडिकल कलेजमा अहिलेसम्म विद्यार्थी भर्ना नै नभएको पाइएको छ। आइओएमले तेस्रोपटक आह्वान गरेका भर्नाको सूची सार्वजनिक गर्दा गण्डकी मेडिकल कलेजमा शून्य विद्यार्थी पाइएको हो। आइओएम स्रोतका अनुसार ग(डकी मेडिकल कलेजमा विद्यार्थी भर्ना हुन नै इच्छुक देखिएका छैनन्।

गण्डकीले विगतमा तोकिएको भन्दा चर्को शुल्क उठाएर विद्यार्थी भर्ना भएको पाइएको थियो। आइओएमका अनुसार यसपालि एमबिबिएस-बिडिएसमा सरकारले तोकेको शुल्कमा धेरै विद्यार्थी पढ्न चाहेका छन्। सरकारले तोकेको भन्दा झन्डै दोब्बर शुल्क निर्धारण गरेका कारण मेडिकल कलेजहरूबाट विद्यार्थी तर्सिने गरेका छन्।

यसपालि सरकारले राजधानीमा एमबिबिएस शुल्क ३८ लाख ५० हजार, राजधानीबाहिर ४२ लाख ४५ हजार र बिडिएसमा १९ लाख ३२ हजार ६ सय १२ रुपैयाँ तोकेको छ। नेपाल मेडिकल काउन्सिलले गन्डकी मेडिकल कलेजलाई यस वर्ष एमबिबिएसमा ११० र बिडिएसतर्फ २५ सिट संख्या तोकेको थियो। फर्जी फ्याकल्टी र बिरामी देखाएर मेडिकल काउन्सिलको आँखा छलेको आरोप लाग्दै आएको गण्डकी मेडिकल



कलेजले विद्यार्थी शून्य रहे पनि कक्षा सञ्चालनका मिति भने तोकेको छ। प्राचार्य प्रा.डा. रविन्द्रप्रसाद श्रेष्ठको हस्ताक्षरमा सूचना निकाल्दै गण्डकीले माघ ५ गतेदेखि कक्षा सञ्चालन हुने जनाएको छ।

यस्तै जनकपुरको जानकी मेडिकल कलेजमा तेस्रोपटक बल्ल एक जना विदेशी विद्यार्थी भर्ना भएको पाइएको छ। 'किन भर्ना हुन चाहेनन्, यो गम्भीर प्रश्न बनेको छ,' आइओएम स्रोतले भन्यो, 'विद्यार्थी आउनै मानेनन् भने के लाग्छ र?'मेडिकल काउन्सिलका सदस्य डा. अंकुर साहको प्रभावमा ८० सिट संख्या पाएपछि विगत लामो समयदेखि बन्द रहेर बौरिएको जानकी मेडिकल कलेजमा हालसम्म एमबिबिएसमा एक जना विदेशी विद्यार्थी भर्ना भएको पाइएको छ। स्रोतका अनुसार जानकी मेडिकल कलेजको अस्पतालमा अहिले सञ्चालनमा छैन।

युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवामा ४६ जना विद्यार्थी भर्ना भएका छन्। जसमध्ये ४३ जना विदेशी छन्। बिडिएसमा १० जना नेपाली विद्यार्थी भर्ना भएका छन्। गत वर्ष ९० सिट पाएको युनिभर्सललाई यसपालि बढाएर ११५ सिट दिइएको थियो। एमबिबिएसमा हालसम्म भर्नाको स्थिति हेर्दा उसले नेपाली विद्यार्थी भर्ना गराउन नसकेको पाइएको छ। बिडिएसतर्फ ७० सिट पाए पनि युनिभर्सलमा दस जनामात्र विद्यार्थी भर्ना भएका छन्।

चितवन मेडिकल कलेजमा ११ जना विद्यार्थी एमबिबिएसमा भर्ना भएका छन्। जसमध्ये पाँच जना विदेशी र बिडिएसमा दुई जना नेपाली छन्। उसले एमबिबिएसमा ११५, बिडिएसमा ४० सिट संख्या पाएको थियो।

किस्ट मेडिकल कलेजमा ६ जना विदेशी विद्यार्थी भर्ना भएका छन्, बिडिएसमा दुई जना नेपाली भर्ना भएका छन्। एमबिबिएसमा ११० र बिडिएसमा ४५ सिट पाएको किस्टमा तेस्रोपटक पनि विद्यार्थी जान अनिच्छुक देखिएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निलम्बित प्रमुख आयुक्त लोकमानसिंह कार्कीको दबाबमा मेडिकल काउन्सिलबाट किस्टले एमबिबिएस र बिडिएसमा बढी सिट पाएको थियो। किस्ट लोकमानका नातेदारको मेडिकल कलेज हो।

नेशनल मेडिकल कलेज वीरगन्जमा २३ जना विदेशी विद्यार्थी मात्रै एमबिबिएसमा भर्ना भएका छन्, बिडिएसतर्फ ३ जना नेपाली भर्ना भएका छन्। नेशनलले एमबिबिएसमा ११५ र बिडिएसमा ३५ सिट पाएको थियो। नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार जना विदेशी र सात जना नेपाली विद्यार्थी भर्ना भएका छन्। महाराजगञ्ज क्याम्पसमा ६३ जना विद्यार्थी भर्ना भएका छन्। ७६ सिटमध्ये महाराजगञ्ज क्याम्पसमा १४ जना विदेशी विद्यार्थी भर्ना भएका छन्। महाराजगञ्जमा एउटा सिट पेइङ (शुल्क तिरेर) सिट छ।

पिपुल्स डेन्टल कलेजमा १३ जना विद्यार्थी बिडिएसतर्फ भर्ना भएका छन्। नोबेल मेडिकल कलेजका सञ्चालक सुनील शर्माको पिपुल्सले ६५ सिट पाएको थियो। नक्कली सर्टिफिकेटमा नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो छल्दै हिँडेका शर्माको पिपुल्सले एक जना पनि विदेशी विद्यार्थी भित्र्याउन सकेको छैन।

तिहारलगत्तै पठन-पाठन सुरू हुनुपर्ने भए पनि यसपालि विद्यार्थी नआएका कारण शैक्षिक क्यालेन्डर नै परिवर्तन गर्ने अवस्था सिर्जना भएको आइओएमले जनाएको छ। तेस्रोपटकको आह्वानमा पनि मेडिकल कलेजको सिट पूरा नभएपछि आइओएम चौथोपटक सूचना निकाल्ने तयारीमा छ।

## विमानस्थल निर्माण समयमै हुने विश्वास

गोल्डेन न्यूज संवाददाता
पोखरा २ पुस ।

पोखरामा निर्माणाधिन अवस्थामा रहेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तोकिएको समयभित्र निर्माण सम्पन्न हुने र विमानस्थल आगामी सन् २०२० जुलाई सम्ममा संचालनमा आउने व्यवस्थापिका संसद् विकास समितिका सभापति एवं विमानस्थल निर्माण उच्चस्तरीय सहयोग समितिका संयोजक रवीन्द्र अधिकारीले बताएका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण उच्चस्तरीय सहयोग समितिले शनिबार पोखरामा आयोजना गरेको छलफल कार्यक्रममा वोल्दै अधिकारीले विमानस्थल निर्माणको काम द्रुत गतिमा अघि वढिरहेकाले यसमा कसैले शंका गर्ने विषय नरहेको बताउँदै विमानस्थलबाट प्रत्यक्ष प्रभावित वडा नं १४, १८ र १५ मा निर्माण गरिने पूर्वाधारका काम कतिपय आयोजनाले र बाँकी नेपाल सरकारले पूरा गर्ने प्रतिवद्धता व्यक्त गरे । सो अवसरमा वोल्दै नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले विमानस्थल डिजाइनको काम अघि बढेको बताए ।

उनले नाला बनाउने र विमानस्थलसम्म पुग्ने बाटो निर्माण सम्पन्न भई विमानस्थलको डिजाइनको पहिलो चरणको काम सकिएको बताए । उनले पोखरा विमानस्थलको परिफेरीका लागि आवश्यक पर्ने थप १ सय ७ रोपनी जग्गा अधिग्रहणको काम अघि बढेको बताए ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाले विसं २०३२ सालमा ३ हजार १ सय ६ रोपनी जमिन अधिग्रहण गरेकोमा नपुग ५ सय २१ रोपनी जग्गा र ३५ वटा घरटहरा अधिग्रहण गरिसकेको पोखरा अन्तर्राष्ट्र्य विमानस्थल आयोजनाका प्रमुख प्रदिप अधिकारीले जानकारी दिए ।

उनले अधिग्रहणका लागि दुई अर्ब ३४ करोड ७० लाख मुआब्जा वितरण गरेको बताए विमानस्थलको ठेक्का लिएको चीनको ठेकेदार कम्पनी सिएमसीइको प्राविधिक टोली आइसकेको र निर्माण अवधिभर कम्पनीको प्राविधिक टोली, कर्मचारी र कामदार बस्ने अस्थायी भवन बनाउने काम भइरहेको अधिकारीले बताए ।

कार्यक्रममा सभासद सारदा पौडेल, डिवि नेपाली, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखे, निर्वतमान अध्यक्ष विन्दुकुमार थापा, पश्चिमाञ्च होटल संघका अध्यक्ष भरत पराजुली लगाएतले सुझाब दिएका थिए । कार्यक्रममा विमानस्थलबाट प्रभावित स्थानीय बासिन्दा बोधराज कार्की, रोमबहादुर कार्की, गोकर्ण कार्की, भीमसेन थापा, बलराम कुँवर लगायतले कबुल गरेका पूर्वाधार विकासका काम तत्काल सुरु गर्न आग्रह गरेका थिए ।

बैठकले थप जग्गा अधिकरणका काम अगाडि बढाउने, निर्माणाधिन विमानस्थल सामानको सुरक्षाका लागि सुरक्षा निकाय खटाउने लगाएका निर्णय समेत गरेको छ ।

## मोटरवाइक र स्कुटरमा नयाँ प्रविधिको आविष्कार

गोल्डेन न्यूज संवाददाता
पोखरा २ पुस ।

युवा आविष्कारक विकल्प ढुंगानाले मोटरबाइक र स्कुटरमा नयाँ प्रविधिको आविष्कार गरेको दावी गरेका छन् । शुक्रबार पोखरामा आयोजित एक पत्रकार सम्मेलनमा उनले हेलमेट नलगाएको र मापसे गरेको खण्डमा दुई पांग्रे सवारी साधन आँफै रोकिने प्रविधिको प्रदर्शन गरे ।

यस अघि नै उनको यो प्रविधिलाई ट्राफिक प्रहरी कार्यालय कास्कीले परीक्षण गरेर प्रमाणित पनि गरिसकेको छ। एक हप्ता विभिन्न चरणमा गरिएको परीक्षणले उनले भने जस्तै नतिजा दिएको पत्रकार सम्मेलनमा उपस्थित असई राजेश थापाले बताए। उनको प्रविधिको परीक्षण पश्चात ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख विश्वराज अधिकारीले औपचारिक रुपमा नै परीक्षण सफल भएको जनाएका छन्। कार्यक्रममा ढुंगानाले आफ्नो साभाष नामक यो प्रविधिमा हेलमेटमा दुई थरी डिटेक्टरहरुको प्रयोग गरिएको बताए ।

उनको यो प्रविधिले सडक दुर्घटना न्युनिकरणमा उल्लेख्य भूमिका खेल्ने विकल्पको दावी छ ।

त्यस्तै उनी अध्ययनरत पोखरा मल्टिमोडेल कलेजका प्राचार्य कृष्ण केसीले विकल्प जस्ता प्रतिभाहरु लाई पलायन हुनबाट रोक्न सरकारी स्तरबाटै पहल हुनुपर्ने बताए ।

उता उक्त कलेज कै विज्ञान संकायका प्रमुख डा. चन्द्रबहादुर थापाले उनको प्रविधिलाई जनस्तरमा लैजान विस्तृत अध्ययन गर्नुपर्ने खाँचो औल्याएँ । तनहुँ मनपाङ घर भइ विगत केही वर्षदेखि पोखरामा बस्दै आएका विकल्पले गत वर्षको युवा प्रतिभा पुरस्कार समेत जितेका थिए। उनले गृह जिल्ला तनहुँ लगायत काठमाडौं, पोखरा जस्ता ठाउँहरुमा समेत आफ्ना आविष्कारहरुको प्रदर्शनी गरिसकेका छन् ।

यस अघि नै उनले हेलिकप्टर, बम डिस्पोजेबल रोवर्ट, भूकम्प सूचक यन्त्र, म्यानुयल लोडिङ्ग एण्ड लिफ्टिङ्ग रोबर्ट, घाँस काट्ने मेसिन, धान कटाउने रोबर्ट, फुटबल खेल्ने रोबर्ट लगायत डेढ दर्जन यन्त्रहरुको आविष्कार गरिसकेका छन् ।

## संविधान संशोधन प्रस्ताव फिर्ता हुँदैन-सत्तारुढ

काठमाडौं २ पुस ।

'कतिपय हाम्रै असन्तुष्ट साथीको टिप्पणीले तपाईंहरुलाई अलमल भयो होला, तर प्रस्ताव फिर्ता लिनका लागि पेश गरिएको होइन भन्नेमा प्रष्ट हुनुस्,' प्रधानमन्त्री दाहालले मोर्चा नेतालाई भने,-'मधेसी, जनजातिलगायतको माग सम्बोधन गर्नकै लागि यो प्रस्ताव आएको हो । तपाईंहरुका तर्फबाट लचकता र खुला धारणा चाहिन्छ । प्रस्ताव पास गरेपछि चुनाव घोषणा गर्ने हो ।'

दाहालको भनाइमा सहमति जनाउँदै सभापति देउवाले संसदीय प्रक्रियामा गइसकेको संशोधन प्रस्ताव अब फिर्ता नलिने दोहोर्‍याए । स्थानीय तह पुनस्संरचना आयोगले प्रदेश नम्बर २ लगायत अन्य क्षेत्रको संख्या, सीमाबारे मोर्चा नेताहरुले असन्तुष्टि जनाएपछि देउवाले भने,-'घरैमा बसीबसी स्थानीय तह पुनंसंरचना गर्न मिल्दैन । जिल्ला र गाउमै पुगेर गर्नुपर्‍यो । जबसम्म अधिकतम सहमति बन्दैन, तबसम्म यहा हामी मात्रै एक्लै अघि बढेर के हुन्छ ?'

उनले आयोगको कार्यविधि पहिल्यै मिलाएर नराखिएको भन्दै आलोचनासमेत गरे । मोर्चाका तर्फबाट सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतो र रामसपा अध्यक्ष शरतसिंह भण्डारीले आयोगको कार्यविधिमा संरक्षित क्षेत्र, विशेष क्षेत्र आदि छुट्याउने काम पनि समेटिएको हुदा हुँदै स्थानीय तहको संख्या निर्धारणमा मात्रै केन्द्रित हुदा समस्या झन् थपिएको धारणा राखे ।

सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतोले पश्चिममा भइरहेको आन्दोलन कांग्रेस र माओवादीको मिलेमतोमा भइरहेको आरोप लगाउदै आफूहरु पनि विद्रोहमा जाने चेतावनी दिए । मोर्चा नेताहरुको प्रतिक्रिया सुनिसकेपछि प्रधानमन्त्री दाहालले आक्रोशित हुदै जवाफ दिए,-'तपाईंहरु अनावश्यक आवेशमा नआउनुस् । यो प्रस्ताव कुनै पनि हालतमा फिर्ता हुन्न, स्थगित पनि हुन्न । एमालेले कति दिन आन्दोलन गर्दोरहेछ, संसदमा अवरोध गर्दोरहेछ, म पनि हेर्छु ।'

मोर्चा नेताहरुको कुरा सुनिसकेपछि दाहाल र देउवा दुवैले पुनसंरचना आयोगलाई प्रतिवेदन बुझाउन रोक्ने, राम्ररी तयारी गरेर तोकिएको अवधि फागुन मसान्तभित्र समय लगाएर बुझाउन आग्रह गर्ने निर्णय गरे । कार्यविधिमै तोकिएको अवधिभित्र थप तयारी गरी स्थानीय जनताको सहमति जुटाउन आयोगले समय लिनुपर्ने भन्दै उनीहरुले आयोगलाई आग्रह गर्ने बताए ।

प्रतिपक्षी एमालेले संसद अवरोध गरेर संसदीय व्यवस्थाविरोधी काम गरेको दाहाल र देउवाको आरोप थियो । 'हामीचाहि सडकमा भएको विषयलाई समाधानका लागि संसदमा प्रवेश गराउने, आफूलाई संसदवादी भन्ने एमालेले किन संसदमा लैजान नदिने ?' देउवाले आक्रोश पोखे ।

## नेल्टामा कविता लेखनबारे

पोखरा २ पुस ।

नेपालका अंग्रेजी शिक्षकहरुको पेशागत साझा सँस्था नेल्टाको कास्की शाखामा शनिबार नियमित मासिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष पितृराज बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डिल्लीराम भट्टराइले माध्यमिक तहमा कविता शिक्षण: एक विहङ्गम दृष्टि शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

नेल्टा कास्की शाखाले प्रत्येक महिनाको पहिलो शनिबार अंग्रेजी भाषा शिक्षणमा प्रचलित तथा नयाँ प्रवृतिहरु विषयक अंग्रेजी शिक्षकहरु बीचमा विन्ध्यवासिनी मावि बरपाटन स्थित नेल्टा कार्यालयमा अन्तर्क्रिया गर्ने गर्दछ । शनिबार सम्पन्न १६औं श्रृङखलामा गोपी अधिकारी, मुकेश अधिकारी, उपेन्द्र पौडेल, राजु प्रसाद शर्मा, सुशिल अधिकारी, सुनिता खनाल, प्रशुन गुरुङ, सन्दिप अधिकारी लगायतले प्रस्तुत कार्यपत्रमाथि जिज्ञासा तथा टिप्पणी प्रस्तुत गरेका थिए भने उठेका जिज्ञासाहरुको समाधान गर्दै कार्यपत्र प्रस्तोता डिल्लीराम भट्टराइले कविता शिक्षण आफैमा एक चुनौतिपूर्ण कार्य भएको र यसको कुशल शिक्षणका लागि विविध विधिको चर्चा गरेका थिए ।

कार्यक्रममा नेल्टा कास्कीका सल्लाहकार श्रीमान गुरुङ, अमेरिकन दूतावास प्रतिनिधि स्टेला वास्सन तथा प्रा.डा. यमबहादुर क्षत्रीले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

सह-सचिव पिताम्बर पौडेलले स्वागत मन्तव्य राखेका थिए भने धन्यवाद ज्ञापन संस्थाका कोषाध्यक्ष मुकेश कुमार अधिकारी र कार्यक्रम सञ्चालन संस्थाका सचिव नवराज न्यौपानेले गरेका थिए ।

## सेवा सहकारीको अध्यक्षमा थापा

गोल्डेन न्यूज संवाददाता
पोखरा २ पुस ।



पोखरा उप-महानगरपालिका वडा नं. १६ लामाचौरमा रहेको सेवा बचत तथा ऋण सहकारी संस्थाको छैटौं अविवेशन शनिबार सम्पन्न भयो । अधिवेशनले राजेश थापालाई अध्यक्षमा चयन गरेको छ । संस्थाको उपाध्यक्षमा ताराबहादुर गुरुङ, सचिवमा रामचन्द्र थापा, कोषाध्यक्षमा बलराम थापाका साथै सदस्यहरुमा बुद्धिबहादुर थापा, खगेन्द्र थापा, भोजबहादुर थापा, गीता केसी र मञ्जु थापा चयन भएका छन् ।

यसैगरी संस्थाको लेखा समितिको संयोजकमा हरिबहादुर थापा र सदस्यहरुमा कर्णबहादुर थापा र ऋषि थापा रहेका छन् ।

वि.सं.२०६६ सालमा स्थापित संस्थाको अधिवेशनको उद्घाटन सामुदायिक महिला विकास समितिका अध्यक्ष मिनु थापाले गरेकी थिइन । कार्यक्रममा संस्थालाई महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै पूर्व अध्यक्ष गोविन्द बहादुर थापार संस्थापक सचिव नारायण थापालाई सम्मान गरिएको थियो ।

राष्ट्रिय औद्योगिक व्यापार मेला २०७३-पोखरा

मेलामा आजका विशेष आकर्षणहरू

लोकदोहोरीतर्फ : बद्री पंगेनी, शंकर बिरही गुरुङ, शिवहरि ढुङ्गाना, अर्जुन थापा, जय कुमार परियार, टेक क्षेत्री, सिता के.सी., चन्द्रा कार्की, सजना बाँस्तोला, नेत्रपाणी वाँस्तोला, विकास नेपाली

पपतर्फ : विनोद वाँनिया/सरिता प्रजापति,साथमा अन्य कलाकार कलाकार।

हास्यतर्फ : दिनेश काफलेको प्रस्तुति।

साथमा

❖पिसिसिआइ गायन ताराको नियमित प्रस्तुति।

विशेष आकर्षण

चेरिष्मा फेसन शो : करिस्मा मानन्धर, प्रियङ्का महर्जन, प्रगती श्रेष्ठ, जेनी जेनसेमी,ममता खड्का साथमा पोखरेली कलाकार ।

विस्तृत जानकारीको लागि:
पोखरा उद्योग वाणिज्य संघ,गैह्रापाटन, पोखरा
फोन नं.: ०६१-५२०२६४, ५२२२६४, ५२५२६४ फ्याक्स नं.: ०६१-५२१०८४

ग्राहक वर्गमा खुशीको खबर

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलव्ध छ।

❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी व्रिक सप्लायर्स
पोखरा-८, सृजनाचोक, फोन : ०६१-५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८

गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

कोरियन भाषामा नयाँ भर्ना खुल्यो

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

| | | | |
|---|---|---|---|
| कक्षा: विहान | ८-९ बजे | दिनमा | १-२ बजे |
| | ९-१० बजे | | ४-५ बजे |
| | | साँझमा | ५-६ बजे |

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क

अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया
ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा-४, सिद्वार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।
*- लर्ड नेपियर*

## सम्पादकीय ...

# सार्वजनिक जग्गा जोगाऔं

पर्यटकीय राजधानी भनिने सुन्दर नगरी पोखरामा केही दशक पहिलेसम्म ६ सय चौतारा थिए रे । अहिले मासिँदै गएर ५० वटाभन्दा कम भइसकेका छन् रे । यसैगरी पोखराका ठूला फाँटका सार्वजनिक पर्ती जमिन पनि बिस्तारै सकिँदै गए । तालै तालको पोखरामा सार्वजनिक सम्पत्ति कब्जा गर्नेको कुदृष्टिबाट तालहरू त झन् कसरी उम्किन पाउँथे र ? पञ्चायत कालदेखि नै थालिएको सार्वजनिक जग्गा हडप्ने खेल अझै रोकिएको छैन । कसैले नचर्चेको पर्ती जग्गामा त यसै पनि 'साझा सम्पत्तिको दुःखान्त' लागु हुने नै भयो सरकारले विशेष प्रयोजनका लागि अधिग्रहण गरेको जमिनसमेत व्यक्तिहरूको कब्जामा परिसकेको छ । पोखरा बस पार्कका लागि अधिग्रहण गरिएको जमिन सयौं परिवारले कब्जा गरेका छन् । विडम्बना, पोखराभित्र कति सार्वजनिक जमिन व्यक्तिले गैरकानुनीरूपमा कब्जा गरेका छन् भन्ने आधिकारिक जानकारीसमेत छैन । सार्वजनिक जमिन मिचिएको पोखरामा मात्र भने हैन । सडक, बिजुली, पानीजस्ता आधारभूत भौतिक सुविधा पुगेका ठाउँमा जमिन महँगिन थाल्नेबित्तिकै भूमाफिया सक्रिय हुने र अनेकौं दाउपेच लगाएर सार्वजनिक जमिन हत्याउने खेल पनि सुरु भइहाल्यो । पोखरामा कति जमिन गैरकानुनीरूपमा कब्जा गरिएको छ र कति सरकारी कर्मचारीकै मिलेमतोमा कागजपत्र मिलाएर हत्याइएको छ भन्ने तथ्यांक छैन । पोखरामा जस्तै अरू जिल्लामा पनि यस्तो तथ्यांक छैन । यद्यपि, सार्वजनिक जमिन खोज्नै नसकिने चाहिँ हैन । कम्तिमा सम्बन्धित जिल्लामा भएको पछिल्लो नापीका नक्साअनुसार राम्ररी खोजतलास गर्ने हो भने त्यस्तो जमिनमध्ये अधिकांश फेला पार्न सकिन्छ । तर, नेपालको प्रशासकीय संस्कार पूर्वक्रियाशील छैन । त्यसैले कसैको उजुरी नपर्दासम्म सरकारका तर्फबाट सरकारी जमिनकै पनि खोजी गर्ने काम हुँदैन । उजुरी परेरै खोजी गरिए पनि धेरै त झारा टार्ने काममात्र हुन्छ । यही सरकारी चरित्र राम्ररी बुझेकाले भूमाफियाले हाकाहाकी सार्वजनिक जमिन हडप्ने आँट गरेको हो । सार्वजनिक जमिनको महत्त्व विपत्ति पर्दामात्र थाहा हुन्छ । गत वर्षको भूकम्पमा काठमाडौंमा घर छाडेर पनि सुरक्षितरूपमा बस्ने ठाउँ थिएन । जो भएका सार्वजनिक जमिनमध्ये अधिकांश कसै न कसैको कब्जामा परिसकेका थिए । पछिल्ला दिनमा त झन् सार्वजनिक जमिन हडप्ने नयाँ समुदायको जन्म भएको छ सामाजिक संघसंस्थाको अवतारमा । राजनीतिक पहुँच भएका व्यक्तिले संस्था दर्ता गर्न सरकारमा भएको पहुँच र प्रभाव प्रयोग गरेर करोडौं मूल्यका सार्वजनिक जमिन लामो समयको भोगचलन भन्दै वैधरूपमै कब्जा गर्ने गराउने पञ्चायत कालदेखि नै सुरु भएको प्रचलन पछिल्ला केही वर्षमा ह्वात्तै बढेर गएको छ । साथै, राजनीतिक व्यक्तिहरूमा नाममा खोलिएका संस्थाहरू त झन् राज्यकै ढुकुटीबाट दल वा गुट विशेषका कार्यकर्ता पोस्ने आधिकारिक निकाय नै हुन पुगेका छन् । यस्तो लुट अन्यायमात्र हैन अपराधै हो । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएका भए पनि उनीहरू यस्तो लुट रोक्न केही हदसम्म अग्रसर हुनसक्थे । सरकारले यस्ता जमिन खोजेर तिनलाई अवैध कब्जाबाट मुक्त गर्नुपर्छ । सुकुमवासीका नाममा अतिक्रमण गरेर बसेकाहरूलाई राजनीतिक संरक्षण दिनुहुँदैन । नेपालको संविधान,२०७२ को धारा ३७ ले सबै नागरिकलाई आवासको हक प्रत्याभूत गरेको छ र कानूनबमोजिम बाहेक व्यक्तिको स्वामित्वको वासस्थानबाट हटाउन नपाइने सुनिश्चित गरेको छ । यसले राज्यलाई सार्वजनिक जमिनमा भएको गैरकानूनी कब्जा हटाएर वास्तविक सुकुमबासीका लागि उपयुक्त स्थानमा आवासको व्यवस्था गर्न प्रेरित गर्नुपर्ने हो । संघ-संस्थाका नाममा लामो अवधिको करारमा जग्गा भोगचलनका लागि दिएर राज्यलाई ठग्ने अपराध बन्द गर्ने र विशेषगरी सहरी क्षेत्रमा अतिक्रमित जमिन भूमाफियाको कब्जाबाट मुक्त गराउन सके भावी पुस्ताका लागि ठूलो गुन लाग्नेछ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष ३ गते आइतबार, तदनुसार दिसेम्वर १८ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णपक्षको पूर्णिमा पञ्चमी अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

**वृष** : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

**मिथुन** : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

**कर्कट** : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

**सिंह** : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

**कन्या** : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

**तुला** : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

**वृश्चिक** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**धनु** : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

**मकर** : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

**कुम्भ** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**मीन** : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# यस्तो छ प्रचण्डले 'लुकाएको' अर्बौंको अभौतिक सम्पत्ति

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वजनिक गरेको सम्पत्ति विवरणमाथि ठूलो बहस सुरु भएको छ । बहसको केन्द्रमा प्रचण्ड छन् । एकथरी 'विद्वान', 'बौद्धिक राजनीतिज्ञ' (माफ गर्नुहोला(योगेश भट्टराईको नाम लेख्न बाध्य भएकोमा), लेखक र पत्रकार छन् । अर्कातर्फ प्रचण्डका समर्थक र आम जनता छन् ।

बहसको केन्द्रमा रहेका प्रचण्डमाथि आरोप छ-'उनले सम्पत्ति विवरण लुकाए, उनले छलढाँट गरे ।' अर्काथरीले प्रतिवाद गर्दैछन्-'प्रचण्ड सर्वहारा सांस्कृतिक क्रान्तिको आलोकमा हुर्केका नेता हुन्, उनीसँग सम्पत्ति कहाँबाट आउनु ? न उनले भ्रष्टाचार गरे, न नातागोता पोस्ने कुरालाई नै केन्द्रमा राखेर राजनीति गरे । राजनीति स्वयम्सेवा हो भन्दै आफ्नो जीवनलाई हत्केलामा राखेर हिँडेका प्रचण्डसँग कहाँबाट सम्पत्ति आउनु ? ठीक यस्तै तर्क हिजोका दिनमा कृष्णप्रसाद भट्टराई र सुशील कोइरालाका पक्षमा समेत देखिन्थ्यो ।

आलोचकहरुका लागि भने यो तर्कसंगत लाग्दैन । उनीहरु भन्न खोजिरहेका छन्( प्रचण्डले मिथ्या रिपोर्ट सार्वजनिक गरेका छन् । उनले धेरै सम्पत्ति कमाएका छन् । ०३५ सालदेखि ०५२ सालसम्म र ०५२ देखि ०६३ सम्म उनले अर्बौं सम्पत्ति जंगलमा लुकाएका छन् । त्यसपछि शान्ति प्रक्रियामा आएपछि उनका हरेक गतिविधिहरु सम्पत्ति जोड्नमा मात्रै केन्द्रित छन् ।

शास्त्रीय अर्थशास्त्रमा सम्पत्तिलाई अचल पुँजीका रुपमा व्याख्या गरिन्थ्यो । खासगरी मुद्रा र भौतिक सम्पत्ति नै सम्पत्ति या मालका रुपमा चित्रण गरिन्थो । तर, भुमण्डलीकृत विश्वमा सम्पत्ति अब बौद्धिक, आत्मिक भएको छ । यस अर्थमा प्रचण्डसँग कति सम्पत्ति होला त ? यो पंक्तिकारलाई जिज्ञासा लागेको छ ।

**अर्बौंका मालिक**

प्रचण्डसँग ३ तोला सुन रहेछ । एक कट्ठा पुखर्यौली जग्गा । मलाई भने यो पत्यार लागेन । प्रचण्डसँग त्यति मात्रै हो र ? पत्यार लाग्दैन । आउनुस् लेखा-जोखा गरौं प्रचण्डको सम्पत्ति कत्ति छ ? त्यसोभए प्रचण्डको नाम लिनेवित्तिकै देश र जनताका लागि हाँसीहाँसी बलिदान गर्न तयार हुने पचासौं जनसेना नि ? के उनीहरु प्रचण्डले कमाएका सम्पत्ति होइनन् ?

विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा गएका बेला, रुस छिन्नभिन्न भएर पूर्वी युरोपमा समाजवादी सत्ताहरु ढलेका बेला प्रचण्डलगायतले माओवादी स्कुलिङ अगाडि बढाए । जनयुद्ध शुरु भयो । त्यही स्कुलिङमा र अहिले त्यही विश्वविद्यालयका कतिपय क्याम्पसहरु देशमा खुलेका छन् । माओवादी विचारधारा या वादअन्तर्गतका यी सबै क्रान्तिलाई माया गर्ने र पोषण गर्ने साना-ठूला विद्यार्थी र स्कुल क्याम्पसहरु के प्रचण्डका सम्पत्ति होइनन् ? किन लुकाएको कमरेड प्रचण्ड आफ्नो यो सम्पत्ति ?

वि.सं ०४७ सालमा बहुदलीय प्रजातन्त्र अन्तर्गत नयाँ सरकार बन्यो । लोकले केही त नयाँ होला भन्ने सोच्यो । खासगरी समाजका पिँधमा रहेका दलित, जनजाति, महिला, गरीब, क्षेत्रीय उत्पीडनमा परेकाहरुले अब त सामन्तवादी सत्ता ढल्यो । केही राम्रो होला भन्ने सोचे । तर, हिजोका जमिन्दार नयाँ जमिन्दारको स्वरुपमा देखा परे ।

हिजोका पञ्चहरु नयाँ कोट लगाएर संसद पसे । जनताको अवस्था उही रह्यो । यस्तो अवस्थामा आम शोषित उत्पीडित जनताको पक्षमा प्रचण्डले बन्दुक उठाउनैपर्ने निर्णय गरे । त्यो निर्णय ठीक, बेठीक के थियो, इतिहासले बताउला, तर त्यो निर्णयपछि यी पिँधका निम्छराहरुको आवाज सतहमा आइपुग्यो ।

यही सतहमा आवाज आएकै कारण दलित आयोग, महिला आयोगदेखि कैयन दाताहरु ओइरिए यी निम्छराहरुको उत्थानको दाबी गर्दै । जनयुद्ध रापिलो बन्दै गयो । हुँदाहुँदा देशबाट नै राजतन्त्रको अवसान भयो । कमरेड प्रचण्ड, तपाईले आफूले नेतृत्व गरेको यति ठूलो उपलब्धि हासिल गर्ने सम्पत्ति किन लुकाउनुभयो ?

गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक लोकतन्त्र तपाईको सम्पत्ति होइन र ? अनि यति बहुमूल्य सम्पत्ति लुकाउने तपाईले ? शान्ति प्रक्रियामा आएपछि प्रचण्ड सरकारमा गए । सरकारमा जाँदा उनले 'प्रभु'हरुको बिरोध गरे । प्रभुहरुको इशारामा चलेको दलाल नोकरशाहीतन्त्रले प्रचण्डलाई देखी सहेन । प्रचण्डले राजीनामा दिनुपर्‍यो । यो श्रृंखला निरन्तर चल्यो । देशमा संविधान बन्ने अवस्था भएन । तर, विभिन्न घुम्तीको बाटो पार गर्दै प्रचण्डले १६ बुँदे सम्झौताका लागि नेपाली कांग्रेस र एमालेलाई सहमत तुल्याउन सफल भए ।

तपाईले भन्नुभएको बिर्सिनुभयो-पहिलोपटक हामी आफैले, आफ्ना लागि, आफ्नो संविधान बनाउन आधार तयार पार्ने काम गर्न सफल भयौं । यो तपाईको त्यही राष्ट्रवादी छवि थियो, जसले भारतको कुनै दबाव या जानकारीविना १६ बुँदेको आधार तयार गर्‍यो । यही १६ बुँदे सम्झौता नै नयाँ संविधानको आधार बन्यो । तर, बिडम्बना प्रचण्ड कमरेड, न तपाईले, न दिवंगत सुशील कोइरालाजीले यो १६ बुँदे सम्झौतालाई आफ्नो सम्पत्ति देख्नुभयो । दुबै नेतालाई प्रश्न-देशलाई अग्रगमनमा लैजाने यो युगान्तकारी सम्झौता तपाईहरुको सम्पत्ति होइन र ?

१६ बुँदेको जगमा देशमा संविधान जारी भयो । यो संविधानमा माओवादीले फरक मत दर्ता गर्‍यो । आफ्नो फरक मत भए पनि देशलाई केही मात्रात्मक उपलब्धिका आधारमा नै भएपनि अग्रगामी दिशामा लैजानुपर्छ भन्ने अठोटका साथ पचण्डले संविधान जारी गर्न अथक प्रयास गरे । यो संविधानले निमुखाहरुको वास्तविक राज्यसत्ता त स्थापना गर्न सकेन । तर, उपरी संरचनामा भने उल्लेख्य परिवर्तन अवश्य गर्‍यो । देशमा राजतन्त्रको विधिवत अन्त्य, धर्मनिरपेक्षता, संघीयता, समावेशी लोकतन्त्रलाई सैद्धान्तिक रुपमा संस्थागत गर्‍यो । कमरेड प्रचण्ड, के यो सम्पत्तिमा तपाईको हिस्सा लाग्दैन ?

नयाँ संविधान जारी भएपछि मधेसमा उथलपुथल मच्चियो । मधेसले उठाएका मागहरु तपाईले फरक मतका रुपमा त्यसअघि नै राख्नुभएकै थियो । तर मधेसमा आगो सल्कियो । सरकारले त्यसलाई निभाउन खोजेन । उल्टै ५ दर्जन जनतामा मारिए मधेसीका नाममा । भारतले यहीबेला निहुँ खोज्यो । त्यसपछि सरकार फेरियो । सरकार फेरिनुको मुख्य कारण पनि सरकार संविधान कार्यान्वयनका लागि गम्भीर नहुनु नै थियो भन्ने कुरा पुष्टि भइसकेको छ ।

तपाईकै शब्दमा शान्ति प्रक्रियाको पूर्णता संविधान कार्यान्वयनबाट मात्रै सम्भव छ । तपाई नेतृत्वमा आउनुभयो । हरेक दिन अहोरात्र खटिएर एकपछि अर्को काम गर्नुभयो । कसैले प्रभुको इसारामा भने, कसैले के-के । तर, तपाईले आज, भोलि, पर्सि गर्दै दीर्घकालीन महत्वका कामहरु शुरु गर्नुभयो । विदेशमा रहेका नेपालीहरुमा एउटा आशा पलायो । अहिलेसम्म आइपुग्दा त उपत्यकामा लोडसेडिङ नै छैन । यस्ता कैयन् अरु उदाहरण छन् । हिजोका पञ्चहरु नयाँ कोट लगाएर संसद पसे । जनताको अवस्था उही रह्यो । यस्तो अवस्थामा आम शोषित उत्पीडित जनताको पक्षमा प्रचण्डले बन्दुक उठाउनैपर्ने निर्णय गरे । त्यो निर्णय ठीक, बेठीक के थियो, इतिहासले बताउला, तर त्यो निर्णयपछि यी पिँधका निम्छराहरुको आवाज सतहमा आइपुग्यो ।

यही सतहमा आवाज आएकै कारण दलित आयोग, महिला आयोगदेखि कैयन दाताहरु ओइरिए यी निम्छराहरुको उत्थानको दाबी गर्दै । जनयुद्ध रापिलो बन्दै गयो । हुँदाहुँदा देशबाट नै राजतन्त्रको अवसान भयो । कमरेड प्रचण्ड, तपाईले आफूले नेतृत्व गरेको यति ठूलो उपलब्धि हासिल गर्ने सम्पत्ति किन लुकाउनुभयो ?

गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक लोकतन्त्र तपाईको सम्पत्ति होइन र ? अनि यति बहुमूल्य सम्पत्ति लुकाउने तपाईले ? शान्ति प्रक्रियामा आएपछि प्रचण्ड सरकारमा गए । सरकारमा जाँदा उनले 'प्रभु'हरुको बिरोध गरे । प्रभुहरुको इशारामा चलेको दलाल नोकरशाहीतन्त्रले प्रचण्डलाई देखी सहेन । प्रचण्डले राजीनामा दिनुपर्‍यो । यो श्रृंखला निरन्तर चल्यो । देशमा संविधान बन्ने अवस्था भएन । तर, विभिन्न घुम्तीको बाटो पार गर्दै प्रचण्डले १६ बुँदे सम्झौताका लागि नेपाली कांग्रेस र एमालेलाई सहमत तुल्याउन सफल भए ।

तपाईले भन्नुभएको बिर्सिनुभयो-पहिलोपटक हामी आफैले, आफ्ना लागि, आफ्नो संविधान बनाउन आधार तयार पार्ने काम गर्न सफल भयौं । यो तपाईको त्यही राष्ट्रवादी छवि थियो, जसले भारतको कुनै दबाव या जानकारीविना १६ बुँदेको आधार तयार गर्‍यो । यही १६ बुँदे सम्झौता नै नयाँ संविधानको आधार बन्यो । तर, बिडम्बना प्रचण्ड कमरेड, न तपाईले, न दिवंगत सुशील कोइरालाजीले यो १६ बुँदे सम्झौतालाई आफ्नो सम्पत्ति देख्नुभयो । दुबै नेतालाई प्रश्न( देशलाई अग्रगमनमा लैजाने यो युगान्तकारी सम्झौता तपाईहरुको सम्पत्ति होइन र ?

१६ बुँदेको जगमा देशमा संविधान जारी भयो । यो संविधानमा माओवादीले फरक मत दर्ता गर्‍यो । आफ्नो फरक मत भए पनि देशलाई केही मात्रात्मक उपलब्धिका आधारमा नै भएपनि अग्रगामी दिशामा लैजानुपर्छ भन्ने अठोटका साथ पचण्डले संविधान जारी गर्न अथक प्रयास गरे । यो संविधानले निमुखाहरुको वास्तविक राज्यसत्ता त स्थापना गर्न सकेन । तर, उपरी संरचनामा भने उल्लेख्य परिवर्तन अवश्य गर्‍यो ।

देशमा राजतन्त्रको विधिवत अन्त्य, धर्मनिरपेक्षता, संघीयता, समावेशी लोकतन्त्रलाई सैद्धान्तिक रुपमा संस्थागत गर्‍यो । कमरेड प्रचण्ड, के यो सम्पत्तिमा तपाईको हिस्सा लाग्दैन ?

नयाँ संविधान जारी भएपछि मधेसमा उथलपुथल मच्चियो । मधेसले उठाएका मागहरु तपाईले फरक मतका रुपमा त्यसअघि नै राख्नुभएकै थियो । तर मधेसमा आगो सल्कियो । सरकारले त्यसलाई निभाउन खोजेन । उल्टै ५ दर्जन जनतामा मारिए मधेसीका नाममा । भारतले यहीबेला निहुँ खोज्यो । त्यसपछि सरकार फेरियो । सरकार फेरिनुको मुख्य कारण पनि सरकार संविधान कार्यान्वयनका लागि गम्भीर नहुनु नै थियो भन्ने कुरा पुष्टि भइसकेको छ ।

तपाईकै शब्दमा शान्ति प्रक्रियाको पूर्णता संविधान कार्यान्वयनबाट मात्रै सम्भव छ । तपाई नेतृत्वमा आउनुभयो । हरेक दिन अहोरात्र खटिएर एकपछि अर्को काम गर्नुभयो । कसैले प्रभुको इसारामा भने, कसैले के-के । तर,



**गोकर्ण भट्ट**

तपाईले आज, भोलि, पर्सि गर्दै दीर्घकालीन महत्वका कामहरु शुरु गर्नुभयो । विदेशमा रहेका नेपालीहरुमा एउटा आशा पलायो । अहिलेसम्म आइपुग्दा त उपत्यकामा लोडसेडिङ नै छैन । यस्ता कैयन् अरु उदाहरण छन् ।

कमरेड प्रचण्ड, सरकारमा गएपछि दृढतापूर्वक जनताका पक्षमा गरिएका यी काम तपाईको सम्पत्ति होइन र ? अनि किन लुकाउनुभयो त यी सम्पत्ति ? आदरणीय आलोचक मित्रहरु, प्रचण्डले लुकाएका यी सम्पत्तिहरु पनि सार्वजनिक गर्ने कि ? सामान्य राजनीति नबुझ्नेले आलोचना गर्नु त ठीकै हो, तर मार्क्सको पूँजी पढेको दाबी गर्ने एमाले बौद्धिक भनिने नेताहरुले नै यसरी आलोचना गर्नथालेपछि तिनीहरुको नियतमाथि प्रश्न उठेको छ । प्रचण्डले भौतिक सम्पत्ति कमाएनन् । के यो कुरा अझै स्पष्ट पार्नुपर्ने हो ? तर गैर-भौतिक सम्पत्ति नि ? सक्नुहुन्छ तपाईहरुले त्यो कमाउन ?

आसेपासेहरुलाई पनि, दलाली, कमिशनतन्त्र चलाउन तपाईहरुले सक्नुहोला, साँझपख जाँडका घैंटो बगाएर, डिस्को, डान्समा कम्मर मर्काएर पैसा उडाउन सक्नुहोला, विदेशी र विदेशी कम्पनी संस्थाहरुको दलाली गरेर अर्बौं कमाउन सक्नुहोला, राजधानीमा महल जोड्न सक्नुहोला । तर, के प्रचण्डले जुन नेपाली जनताको माया, देशप्रतिको आस्था र निष्ठाका लागि गरेको योगदानबाट जेजति कमाएका छन्, के त्यो कमाउन सक्नुहुन्छ ?

हिन्दी सिनेमामा एउटा निकै चलेको उखान छ,दुई भाइबीचको संवादको ।

दाइ : तेरे पास क्या है ? मेरे पास दौलत है, बंगला है, घर है, गाडी है'

भाइ : मेरे पास माँ है माँ ।

हो आलोचक कमरेडहरु, प्रचण्डसँग यही ममता छ, देशका लागि । यही कर्तव्य र कसम छन् देशका लागि । यही हो उनले लुकाएको अर्बौंभन्दा बहुमूल्य सम्पत्ति । सक्छौ भने यो सम्पत्ति सार्वजनिक गर्ने आँट गर ।

*(लेखक माओवादी समर्थक हुन्)*

# गैर नेपालीलाई नागरिकता नबाँड

केही समयअघि 'नन पेपर' डकुमेंट भन्दै संविधान संसोधनको बारेमा केहटी बुँदा सार्वजनिक भएका थिए। जसमा नेपालमा १० वर्ष बसेको अंगिकृत नागरिक राज्यको प्रमुख पदमा जान पाइने भन्ने उल्लेख थियो। सामाजिक संजालमा व्यापक विरोध भएपछि सरकारले नै उक्त प्रस्ताव आधिकारिक होइन भन्दै खण्डन गर्नुपरेको थियो। तर परिस्थितिको गाम्भीर्यतालाई आत्मसाथ गर्ने हो भने सरकारले नै संविधान संशोधन गर्न उक्त प्रस्ताव सार्वजनिक गरेको बुझिन्छ। यदि व्यापक विरोध भएमा उक्त प्रस्ताव आधिकारिक होइन भनिदिने अनि खासै विरोध भएन भने उक्त प्रस्ताव नै अक्षरस संसदमा पेश गर्ने सरकारी नियत नै हो। तर तत्कालका लागि उक्त प्रस्ताव अगाडि बढाउन सरकार नै हिचकिचाएको देखिन्छ। विश्वका धेरै देशमा आप्रवशन मुद्दा निकै पेचिलो बन्दै गएको छ। जसको ज्वलन्त उदाहरण कसैले नचिताएका डोनाल्ड ट्रंप अमेरिकाका राष्ट्रपतिमा चुनिनु हो। नेपालमा पनि प्रायः प्रत्येक निर्वाचन हुनु अगाडि शिविर चलाएर धेरै नागरिकता बाँडिन्छ। जसले गर्दा धेरै विदेशीहरु मुख्यतः भारतीयहरुले नेपाली नागरिकता लिने गरेको कुरा बारम्बार सार्वजनिक भइरहेको छ। केहीसमय अगाडि मात्र भारतीय गृहमन्त्रीले नेपालमा १ करोड भारतीय रहेको बताउनुले समेत उनीहरुले नेपाली नागरिकता लिएको प्रस्ट हुन्छ। कतिसम्म भने नेपालमा चुनाव हुँदा तराइमा भोट हाल्ने अनि भारतमा चुनाव हुँदा बिहारमा भोट हाल्ने गरिएका घटना समेत सार्वजनिक भएका छन्। यसरी दवाव अथवा प्रभाव जे मा परेर भएपनि विदेशीलाई नागरिकता बाँडिनु कदापि राष्ट्र हितमा छैन।

जबजब चुनावको कुरा आउँछ तब तराइबाट प्रतिनिधित्व गर्ने धेरै राजनीतिक दलले नागरिकताको सवाल उठाउँछन्। हामी के कुरामा प्रस्ट हुनुपर्दछ भने उमेर पुगेको हरेक नेपाली नागरिकले सहजरुपमा नागरिकता पाउनुपर्दछ। प्रत्येक नेपालीलाई नागरिकता दिइनुपर्दछ।

वर्ण तथा लवज मिल्यो भन्दैमा तराइमा जन्मेको धर्तिपुत्रलाई कुनै पनि हालतमा नागरिकता लिनबाट बन्चित गरिनु हुँदैन। यदि गरीन्छ भने त्यो सरासर अन्याय हुन जान्छ। तर कुनै पनि हालतमा विदेशीलाई नागरिकता दिइनु हुँदैन। यसमा सरकार तथा स्वयम् तराइबासी नागरिक नै सचेत हुनुपर्छ। किनकि विगतमा जस्तै भारतीयहरुले नेपाली नागरिकता लिएभने त्यसको सबैभन्दा ठूलो असर तराइ बासिन्दालाई हुनेछ। तराइका नेपालीहरु बिशेष अधिकारबाट वन्चित त हुनेछन् नै, समय क्रमसंगै विस्थापित समेत हुन सक्नेछन्।

तत्कालका लागि सामान्य जस्तै देखिए पनि विदेशीलाई नागरिकता बाँडिनु दीर्घकालिन रुपमा राष्ट्रघात बाहेक केही हुन सक्दैन। त्यसैले तराइका आम नेपाली दाजुभाइ तथा दिदीबहिनीमा विनम्रतापूर्वक अनुरोध छ कि यदि टोल(छिमेकमा नागरिकता वितरण टोलि आएमा सच्चा नेपालीले नागरिकता पाउने तर विदेशीले कुनै हालतमा नागरिकता नपाउने कुरामा चनाखो रहिदिनुहोला। किनकी तराइबाट प्रतिनिधित्व गर्ने एवम् आफूलाई तराई मधेसका 'मशिहा' बताउने राजनीतिक दलबाट यस्तो अपेक्षा गर्न सकिने अवस्था छैन। तराइको धेरै जग्गा भारतले अतिक्रमण गरेको छ, तर यसबारेमा कोही चुइक्क बोल्दैनन् र काम पनि गर्दैनन्।

एकतर्फी भारतीय बाँधले बर्षेनी तराईका सयौं बिघा जग्गा जमिन डुवानमा पर्छ, नेताहरु थाहै नभए झैं गर्छन्। सीमामा सयौं नेपाली लुटिन्छन्, कुटिन्छन्, कोही बोल्दैनन्। त्यसैले तराइबासीको नागरिकता समस्या समाधानको लागि तराइका धर्तिपुत्रहरु नै उठ्नु जरुरी छ। नेपाल भन्दा कैयौं गुना ठुलो एवम् कतिपय सामाजिक( सांस्कृतिक सम्बन्ध भएको देशसँग खुला सिमाना राखेर नागरिकता समस्या दीर्घकालिनरुपमै समाधान गर्नु कठिन छ। आजभोलि हरेक सदरमुकामबाट प्रत्येक नेपालीले सहजरुपमा नागरिकता प्राप्त गर्न सकिन्छ। त्यसैले शिविर चलाएर नागरिकता वितरण गर्नु आवश्यक छैन। तर यदि त्यस्तो भइहालेमा पनि सम्पूर्ण तराईबासी नेपाली नागरिकहरु विदेशीले नागरिकता नपाऊन् भन्ने कुरामा अत्यन्त



**भक्तप्रसाद गैरे**

सजग रहनु जरुरी छ। नागरिकता जस्तो अत्यन्त संवेदनशील विषय राष्ट्रिय स्वाभिमानसँग समेत जोडिएकोले यसमा हेलचेक्र्याँई गरिनुहुँदैन। त्यसैले शिविर चलाएर नागरिकता बाँड्ने कार्यको विरोध गर्दै गैर(नेपालीले नागरिकता नपाऊन् भन्ने कुरामा अत्यन्त सजग रहनु पर्छ। अनि सकिन्छ भने विगतमा को(को गैर(नेपालीले नागरिकता भन्ने छानबिन गरेर तिनको नागरिकता खारेज गर्न सहयोग गरौं। प्रक्रिया पुगेका प्रत्येक नेपाली नागरिक सहजरुपमा नागरिकता प्राप्त गर्नबाट नछुटून्, कुनै पनि गैर-नेपालीले नेपाली नागरिकता नपाऊन् !

# मुखको क्यान्सर बारे सचेतना तथा परीक्षण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २ पुस ।**



नेपाल अर्वुद रोग निवारण संस्था कास्कीले वेलायतमा रहेको संस्था माया आउटरिचसंग सहकार्य गरेर पोखरामा मुखको क्यान्सर सम्बन्धी निःशुल्क परीक्षण कार्यक्रम शनिबार सम्पन्न गऱ्यो । पोखराको न्यूरोड स्थित पोखरा क्यान्सर केयर सेन्टरमा संचालन गरिएको परीक्षणमा १२५ जनाले मुखको परीक्षण गराएका थिए।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका डा. दीलिप महर्जन र डा. उज्वल चालिसे, गण्डकी मेडिकल कलेज पोखराका डा. दीपेन्द्र श्रेष्ठ, मणिपाल शिक्षण अस्पतालका डा. ऋषि शेरचन र डेन्टल सर्जन उमेश पराजुली सहितको टोलीले स्वास्थ्य परीक्षण गरेको माया आउटरिचकी संस्थापक कान्ति गुरुङ श्रेष्ठले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिइन ।

मुखको क्यान्सरबाट ओठ, गिजा, तालु, ऱ्याल ग्रन्थी, टन्सिल, मुखको तल्लो सतह र गालाको भित्रि सतहहरु प्रभावित हुने भएकाले आम नागरिकले यसबारे जानकार छैनन । जसका कारण दक्षिण एशियाली मुलुकमा बढी देखिने गरेको मुखको क्यान्सर नेपालमा क्रमशः बढ्दै गएको पाइएको छ ।

मुखको क्यान्सरमध्ये ओठमा हुने क्यान्सर साधारण घाउका रुपमा शुरु हुने र लामो समयसम्म रहिरहने गर्दछ भने जिब्रोमा हुने क्यान्सर शुरुमा जिब्रोमा केही समस्या या चस्केको, टोकेको जस्तो अनुभव हुने र पछि जिब्रो सुनिने र घाउ बढ्ने हुन्छ । मुखभित्र क्यान्सर हुँदा सास गनाउने, घाँटीमामा अप्ठ्यारो र दुःख्ने र खाना निल्न अप्ठ्यारो हुने समेत गर्दछ । मुखभित्र सेतो जा रातो दाग, गालाको भित्र भाग जिब्रो वा गिजामा कुनै घाउ खटिरा वा मासु बढेको भए छिट्टै उपचार गर्नुपर्ने र समयमै उपचार भए मुखको क्यान्सर पूर्ण रुपमा निको हुने स्वास्थ्य कर्मी बताउँछन् ।

आम नागरिकलाई मुखको क्यान्सरका बारेमा सचेतना जोगाउने र मुखको क्यान्सरबाट प्रभावित भएकाहरुलाई सहज उपचारको व्यवस्था गर्ने उद्देश्यले माया आउटरिचले कार्यक्रमको आयोजना गरेको गुरुङले बताइन ।

शिविरको शुभारम्भका अवसरमा नेपाल अर्वुद रोग निवारण संस्था कास्कीका निवर्तमान अध्यक्ष एवं कार्यक्रम संयोजक दिनेश शंकर पालिखे, कास्की शाखाका अध्यक्ष रामप्रसाद वस्ताकोटी माया आउटरिचका संस्थापक कान्ति गुरुङ श्रेष्ठ, पोखरा क्यान्सर केयर सेन्टरका प्रवन्ध निर्देशक उत्तम चालिसे, अर्वुद रोग निवारण संस्थाका सचिव शान्ताकुमार श्रेष्ठ लगायतले कार्यक्रमको महत्वका बारेमा प्रकाश पारेका थिए ।

# औद्योगिक व्यापार मेलामा दर्शक खचाखच

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २ पुस ।**

पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलामा शनिबार अहिलेसम्मकै चाप देखियो । मेलामा शनिबार वृद्धदेखि बालकसम्मको उल्लेख्य उपस्थिति रह्यो । शनिबार मात्र करिब २५ हजार जनाले मेलाको अवलोकन गरेको मेला आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका महासचिव दामु अधिकारीले अनुमान लगाए ।

शनिबारसम्म १ लाख २५ हजार जनाले मेलाको अवलोकन गरेका छन् भने मेलास्थलबाट १० करोड जतिको कारोवार भएको छ ।

'मेलाप्रति पोखरेलीले देखाएको सद्भावले हामी उत्साहित रहेका छौं', मेलामा देखिएको उत्साहजनक सहभागितापछि संघका महासचिव अधिकारीले भने-'हामीले यो मेला आफ्नो उदेश्यमा सफल रहेको ठानेका छौं ।' मेलाको सोमबार समापन हुँदैछ । बाँकी दिनमा पनि आम पोखरेलीले मेलामा उत्तिकै सहभागिता जनाउने उहाँको अपेक्षा रहेको छ ।

यता आइतबार मेलास्थलमा फेसन सोको आयोजना हुने भएको छ । चेरिस्मा इम्पोरियमको प्रायोजन रहेको चेरिस्मा फेसन सोमा चर्चित कलाकार करिष्मा मानन्धरको विशेष उपस्थितिमा प्रियङ्का महर्जन, प्रगती श्रेष्ठ,जेनी जेनसेमी,ममता खड्का साथमा पोखरेली कलाकारहरु ऱ्याम्पमा उत्रनेछन् । यसैगरी लोकदोहोरीतर्फ बद्री पंगेनी, शंकर बिरही गुरुङ, शिवहरि ढुङ्गाना, अर्जुन थापा, जय कुमार परियार,टेक क्षेत्री, सीता के.सी., चन्द्रा कार्की, सजना बाँस्तोला, नेत्रपाणि बाँस्तोला, विकास नेपालीको विशेष प्रस्तुति पनि मेलाको आकर्षण रहने आयोजक संस्थाका कोषाध्यक्ष तथा साँस्कृतिक उप-समिति संयोजक पवनकुमार प्रजापतिले बताए ।

चर्चित पोखरेली गायक विनोद बाँनिया, सरिता प्रजापतिको साथमा अन्य कलाकार रहनेछन् भने हाँस्यकलाकार दिनेश काफ्लेको प्रस्तुति र पिसिसिआई गायन तारा पनि महोत्सवको आकर्षण रहने आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघले जनाएको छ ।

# पश्चिमाञ्चल इन्जिनियरिङ्गमा फुटवल

**पोखरा २ पुस ।(गोल्डेन)**

पश्चिमाञ्चल इन्जिनियरिङ्ग क्याम्पसमा शनिबारदेखि फूटवल शुरु भएको छ । नेपाल विद्यार्थी संघ पश्चिमाञ्चल इन्जिनियरिङ्ग क्याम्पसको आयोजनामा नव आगन्तुक विद्यार्थीहरुको स्वागतार्थ खेल आयोजनमा गरिएको हो ।

कार्यक्रममा वोल्दै प्रमुख अतिथि नेपाली कांग्रेस कास्कीकी कोषाध्यक्ष लक्ष्मी पाण्डेले युवा र विद्यार्थी भविष्यका देश निर्माता र संवाहक भएकोले खेलकुद मार्फत युवाहरुको वृद्धि र वुद्धि दुवै विकास हुने वताइन् । उनले नेविसंघ नेपाली कांग्रेसको भातृ संगठन मात्र नभई कांग्रेसको भविष्य समेत रहेको जानकारी दिइन् । नेपाल विद्यार्थी संघ पश्चिमाञ्चल इन्जिनियरिङ्ग क्याम्पसका कार्यवाहक सभापति आदर्श लामिछाने सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यार्थी नेताहरु विकास थापा, गोविन्द लामिछाने, ई विशाल जंग थापा, ई अन्जनजंग थपा लगायतले वोलेका थिए। ओशन थापाको संयोजकत्वमा भएको कार्यक्रममा ३ जना राष्ट्रिय खेलाडी हेमन्त गुरुङ्ग, मान बहादुर थापा, दोना थापाको विशेष उपस्थिति रहेको थियो । खेलमा ३१ वटा टिमले भाग लिएका छन् । कार्यक्रमको सञ्चालन सुमन शर्माले गरेका थिए ।

# रामभक्तको म्युजिक भिडियो सार्वजनिक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २ पुस ।**

गायक रामभक्त जोजिजूको नयाँ गीतको म्युजिक भिडियो शनिबार सार्वजनिक गरिएको छ । आयोजक द नेप्लिज एभरेष्ट च्याम्प अर्गनाइजेसनका अध्यक्ष आदर्श पोखरेलको सङ्गीत तथा रचना रहेको 'हारमा पनि जीतमा झैं पिट्दै छन् रे ताली...' बोलको गीतको म्युजिक भिडियो सांस्कृतिक संस्थान (राष्ट्रिय नाच घर) का महाप्रबन्धक राजेश थापाले सार्वजनिक गरेका हुन् ।

पोखरा सांस्कृतिक दृष्टिले समृद्ध ठाउँमा भएकोमा जोड दिँदै थापाले कला, सङ्गीत र साहित्यमा स्थानीयताको प्रयोग गरिनु आजको मुख्य आवश्यकता नै बनिसकेको बताए ।

'१२५ भन्दा बढी जातजाति, १०३ भन्दा बढी भाषाभाषी, ६० हजारभन्दा बढी मौलिक लोक गीत र १० हजारभन्दा बढी मौलिक नृत्य रहेको नेपालमा तिनमा लगानी गर्नुपर्ने दायित्व राज्यले बिर्सेको छ' उनले भने-'त्यसले गर्दा कला, साहित्यको अन्तर्राष्ट्रियकरण गरेर पर्यटन प्रबर्द्धन गर्न सकिएको छैन ।' कला र सङ्गीतलाई विद्यालय तहकै पाठ्यक्रममा समावेश गर्नुपर्ने धारणा राख्दै थापाले कला र सङ्गीतको छुट्टै विश्व विद्यालय स्थापना गरिनुपर्नेमा जोड दिए । आफू संलग्न सांस्कृतिक संस्थानको

पुनर्संरचनामा आफू लागिपरेको भन्दै थापाले संस्थानलाई देशका सबै कलाकारको साझा संस्था बनाउने अभियानमा लागेको जनाए । भिडियोको समीक्षा गर्दै अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीले पोखराबाट पनि स्तरीय गीत/सङ्गीतसँगै भिडियो बन्दै गएको बताए ।

# सुगम संगीत यात्राको १८औं श्रृङ्खला

**पोखरा २ पुस ।(गोल्डेन)**

पोखराबाट सञ्चालित साङ्गीतिक अभियान सुगम सङ्गीत यात्राको १८औं श्रृङ्खला पोखराको विरौटास्थित ओशोधारा ध्यान केन्द्रमा शनिबार सम्पन्न भएको छ। अनुपम म्युजिक पोखरा, त्रिवेणी संगीतालय र जे. ई. म्युजिक एकेडेमीको संयुक्त आयोजनामा हरेक महिनाको पहिलो शनिबार हुँदै आएको यात्राको उक्त श्रृङ्खलाको स्थानीय आयोजक ओशोधारा ध्यान केन्द्र रहेको थियो । केन्द्रका अध्यक्ष नारायण शर्माको अध्यक्षतामा भएको कार्यक्रममा जे.ई. म्युजिकका प्रबन्ध निर्देशक गायक रामभक्त जोजिजू, प्रमिला बराल, बलराम गिरी, सन्तोष प्रधान, समीर गैरे, सुदिप पौडेल, दिनेश गुरुङ लगायतले आफ्नो साङ्गीतिक प्रतिभा प्रस्तुत गरेका थिए ।

अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीको संचालन र सचिव रुपिन्द्र प्रभावीको स्वागतमा भएको कार्यक्रममा त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालले धन्यवाद ज्ञापन गरे ।

**कर्मचारी चाहियो**

**पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।**

| | |
|---|---|
| पद : कुक केल्पर | संख्या : २ जना |
| पद : वेटर | संख्या : २ जना |
| पद : किचन हेल्पर | संख्या : १ जना |
| पद : डिसवासर | संख्या : १ जना |

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोनः ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।




सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोनः०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा